<u>नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको बैठक</u>

आज मिति २०८०।०३।०२ गते शनिवार नेपाल सरकारको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ को दफा ९ मा व्यवस्था भएबमोजिम पर्वत, जिल्ला समन्वय समितिका प्रमुख श्री विष्णुराम वि.क.ज्यूको अध्यक्षतामा बसेको नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको बैठकमा देहायबमोजिमको उपस्थितिमा निम्नानुसार निर्णयहरू भएका छन् ।

**देहाय**

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री विष्णुराम वि.क. | प्रमुखः जिल्ला समन्वय समिति | **-संयोजक** |
| श्री रामचन्द्र जोशी | प्रमुखः कुश्मा नगरपालिका | - सदस्य |
| श्री राजुप्रसाद आचार्य | अध्यक्षः जलजला गाउँपालिका | - सदस्य |
| श्री प्रेमप्रसाद आचार्य | प्रमुख जिल्ला अधिकारी | - सदस्य |
| श्री अरविन्द श्रेष्ठ | सशस्त्र प्रहरी उपरीक्षकः चण्डिका गण | - सदस्य |
| श्री मधुसुदन न्यौपाने | प्रहरी नायव उपरीक्षक | - सदस्य |
| श्री विष्णुप्रसाद अधिकारी | प्रमुखः डिभिजन वन कार्यालय | -सदस्य |
| श्री कृष्ण आचार्य | इन्जिनियर पूर्वाधार विकास कार्यालय | - सदस्य |
| श्री रमाकान्त पौडेल | कर अधिकृतः करदाता सेवा कार्यालय | - सदस्य |
| श्री नेत्रप्रसाद पौडेल | जिल्ला समन्वय अधिकारी | -सदस्य सचिव |

नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको बैठक

२०८०।०३।०२

## निर्णयहरू

१. आज मिति २०८०।०३।०२ गतेका दिन पर्वत जिल्ला भएर बग्ने कालीगण्डकी नदीको कुश्मा नगरपालिका र जलजला गाउँपालिका खण्डमा अनुगमन समितिबाट सघन अनुगमन सम्पन्न भयो ।

२. अनुगमन समितिबाट अनुगमन हुँदा अबैध रूपमा विभिन्न स्थानहरूमा थुपारेर राखिएको पाइएको नदीजन्य पदार्थलाई सम्बन्धित स्थानीय तहको समन्वय र सहयोगमा नियन्त्रणमा लिई आवश्यक कारवाही गर्ने। नदीजन्य पदार्थ अवैध रूपमा उत्खनन गर्नको लागि विभिन्न नदी किनारामा बनाइएका कच्ची मोटरबाटोहरूलाई अविलम्ब बन्द गर्ने । सो कार्यका लागि आवश्यक पर्ने स्रोतसाधन सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउन अनुरोध गर्ने ।

३. नदीजन्य तथा खानीजन्य पदार्थको नियमित अनुगमनलाई थप प्रभावकारी बनाउन देहायबमोजिम उप समिति गठन गर्ने

उप समितिको विवरण

| | |
|---|---|
| क. जिल्ला प्रशासन कार्यालयको अधिकृत | संयोजक |
| ख. जिल्ला समन्वय समितिको अधिकृत | सदस्य |
| ग. जिल्ला प्रहरी कार्यालयको प्रहरी निरीक्षक | सदस्य |
| घ. सशस्त्र प्रहरी बल चण्डिका गण स.प्र.निरीक्षक | सदस्य |
| ङ. जिल्ला समन्वय समितिको सब इन्जिनियर | सदस्य सचिव |

४. पर्वत जिल्ला भएर बग्ने नदीहरूमध्ये कालीगण्डकी नदीको हकमा सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम गर्न गराउन, अन्य नदी तथा खोलाहरूबाट असार, साउन र भदौ महिनामा नदीजन्य पदार्थको उत्खननलाई बन्देज गर्नको लागि सार्वजनिक सूचना जारी गर्ने र सो कार्यमा सबै सरकारी निकाय, गैरसरकारी संघ/ संस्था, नागरिक समाज, प्रेस तथा आम सर्वसाधारणहरूले सहयोग गरिदिनको लागि अनुरोध गर्ने ।

५. नदीजन्य पदार्थको अवैध उत्खनन, चोरी तथा निकासीलाई बन्द गराउनको लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले संयुक्त गस्ती टोली बनाइ नियन्त्रणमा थप तदारुकता अपनाउन अनुरोध गर्ने ।